स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म निर्माता तथा अभिनेता ईश्वर थापाको शब्द, संगीत रहेको गीत "शरदको चिसो हावामा" सार्वजनिक भएको छ। गीतमा स्वर एडवर्ड थापाको रहेको छ। गीतको भिडियोमा ईश्वर थापा र शिल्पा पोखरेलको अभिनय छ। क्यानडाको सुन्दर दृश्यमा छायाङ्कन गरिएको भिडियोका छायाङ्कन, सम्पादन तथा निर्देशन हेरुका लामा रहेका छन्।

**आजको विचार...**



सुशासनको...
(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल

अभिनेत्री नीति शाहले हालै नेपाल चलचित्र विकास बोर्डले आयोजना गरेको एक छलफल कार्यक्रममा आफ्नो अनुभव बाँडेको विषय सामाजिक सञ्जालमा चर्चामा आएपछि त्यसको स्पष्टीकरण दिएकी छन् । फेसबुक पोस्टमार्फत उनले आफूलाई चलचित्र उद्योगका समस्या, अवसर र सुधारका उपायबारे छलफल गर्न निमन्त्रणा गरिएको हुँदा त्यही सन्दर्भमा बोलेको स्पष्ट पारेकी छन् ।



❒ वर्ष ३१ अंक १०५ ❒ २०८२ कात्तिक २६ गते बुधबार 12 November 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### विस्फोटमा १२ जनाको मृत्यु

(रासस/सिन्हुवा)

**इस्लामावाद,** कात्तिक २५ पाकिस्तानको राजधानी इस्लामाबादको जिल्ला अदालत बाहिर मंगलबार भएको आत्मघाती विस्फोटमा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको गृहमन्त्री मोहसिन नकवीले मिडियालाई बताइका छन् । उनले आत्मघाती विस्पोट न्यायिक परिसरमा भएको उल्लेख गर्दै उक्त स्थनमा धेरै जिल्ला अदालतहरू रहेको बताए । प्रहरी र उद्धार टोलीहरू तुरुन्तै घटनास्थलमा पुगी शव तथा घाइतेहरूलाई पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्समा लगिएको जनाइएको छ । घाइते मध्ये इस्लामाबादको मिडिया शाखाका केही अधिकारीको अवस्था गम्भीर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने प्रहरीलाई उदृत गर्दै सिन्हुवाले जनाएको छ । प्रारम्भिक अनुसन्धान प्रतिवेदन अनुसार आक्रमणकारीहरु न्यायिक परिसरमा प्रवेश गर्न चाहेको तर कडा सुरक्षा घेरा पार गर्न नसके पछि अन्तत: परिसर बाहिर प्रहरीको गाडीमा आक्रमण गरेको जनाइएको छ । विस्फोटको कारण केहि गाडीहरूमा आगो लाग्नुका साथै केही क्षतिग्रस्त भएको जनाइएको छ ।

# पर्यटन प्रवर्द्धनमा 'लायन्स'

## पाल्पामा भएको दोस्रो क्याबिनेट बैठकबाट लायन्स आन्दोलनलाई थप सशक्त बनाउने विश्वास

रामचन्द्र रायमाझी

**पाल्पा,** कार्तिक २५/सामाजिक क्षेत्रको अग्रणी संस्था लायन्स क्लबले पाल्पाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक ३२५ पि नेपालले पाल्पाको पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र पर्यटनमार्फत स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने कार्यक्रममा सक्रिय भूमिका खेल्दै आएको हो ।

हरेक वर्ष क्वाविनेट बैंठकमार्फत यहाँको पर्यटन व्यवसायलाई चलायमान बनाउनुको साथै योजनासहित पर्यटनको विकासमा लायन्सले काम गर्दै आएको छ । यस वर्ष पनि क्लवले पाल्पामा सञ्चालित एरिया -२ सबै लायन्स क्लवहरुसँग




सहकार्य गरी दोस्रो क्याविनेट बैंठक आयोजना गरेको छ । क्लवले कार्तिक २१ र २२ छुट्टा छुट्टै बैंठक राखी सेवा, पर्यटन प्रवर्द्धन, नेतृत्व विकास र लायन्स आन्दोलनका विषयमा व्यापक छलफल गरेको छ । बैठकले लायन्स आन्दोलनलाई थप सशक्त र प्रभावकारी बनाउने विश्वास व्यक्त गरेको छ । पाल्पाको पर्यटन प्रवर्द्धनका लागि प्राकृतिक, ऐतिहासिक साँस्कृतिक सम्पदाहरू पर्यटकीयस्थल, कृषि उत्पादनको प्रचार-प्रसार गर्ने, आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यका साथ बैठक आयोजना गरिएको एरिया २ का चिफ लायन गंगाबहादुर खत्रीले बताए । कार्तिक २१ गते होटल द ट्वाइटलेकमा प्रि क्याविनेट र कार्तिक २२ गते श्रीनगर साँस्कृतिक डबलीमा क्याबिनेट बैंठक गरिएको थियो । बैंठकको लायन्स इन्टरनेशनलका इन्टरनेशनल डाइरेक्टर लायन सञ्जय खेतानले उद्घाटन गरेका थिए । बैठकको उद्घाटन गर्दै उनले नेपालका लायन्स सदस्यहरूले स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण र आपत्कालिन सेवामा पुऱ्याएको योगदानको प्रशंसा गरे । खेतानले भने "लायन्सको शक्ति समुदायमा परिवर्तन ल्याउने प्रेरणा हो ।" उनले पाल्पा पर्यटकीय गन्तव्यमा सुरक्षित छ भन्ने सन्देश दिन, लायन्स क्लबको इतिहासमा इटा थप्न, सबै लायन्सको आत्मसम्मान बढाउन र लायन्सहरुको संस्थागत विकासमा योगदान दिन बैठक आयोजना गरिएको बताए । उनले भने "शुन्दर नगरी तानसेनमा स्थानीय उत्पादन, कला र संस्कृतिको प्रवर्द्धन, स्थानीय व्यापार, व्यवसाय, आन्तरिक तथा बाह्य पर्यटक प्रवर्धन, धार्मिक, साँस्कृतिक र प्राकृतिक क्षेत्रको सम्भावनाको खोजी गर्न बैठकले सहयोग पुग्ने विश्वास लिएका छौं ।" लायन खेतानले सामाजिक कार्यमा निरन्तर लागेकै कारण क्लबले विभिन्न अवार्डहरु जित्न सफल भएको बताए । उनले क्लवले अवार्ड पाउनु भने कै क्लवमा आवद्ध सबै सदस्यको सफलता रहेको धारणा व्यक्त गरे । उनले अहिलेसम्म सम्मानित भएकाहरुलाई जिम्मेवारी बोध गर्न समेत आग्रह गरे ।

खेतानले भने 'सफलता र सम्मान पायौं भन्दैमा आफ्नो जिम्मेवारी भने विर्सन हुँदैन ।' कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले लायन्स संगठनले राज्यको सामाजिक र स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको योगदान उल्लेखनीय रहेको भन्दै सरकार र नागरिक समाजबिच सहकार्यले मात्र स्थायी विकास सम्भव हुने धारणा व्यक्त गरे । बैठकका मुख्य वक्ता उत्प्रेरक तथा नेतृत्व विकासका सहजकर्ता नरबहादुर कार्कीले सदस्यहरूबीच सकारात्मक सोच, सामूहिक प्रयास र दूरदृष्टियुक्त नेतृत्वका गुणहरू विकास गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा निवर्तमान गर्भनर तथा पूर्व गर्भनरहरूले संगठनको अनुभव र नेतृत्वलाई थप सुदृढ बनाएर लैजानुपर्नेमा जोड दिएका थिए ।

- (बाँकी अन्तिम पेजमा ...)

## क्यान्सर रोगबारे जानकारी राखौं ।

क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु:

- शरीरमा गिर्खा गाँठा-गुठीहरु देखिनु,
- शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
- शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
- खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
- लामो सयमसम्म दिसामा गोटी पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु,
- महिनाबारी नभएको समयमा रगत देखिनु, महिनाबारी रोकिएका महिलाको पुन: रक्तश्राव हुनु वा सहवासपछि रक्तश्राव हुनु,
- स्तनमा गाँठा-गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टो दबिनु,
- शरीरको वजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
- नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु,
- धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि ।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं !


नेपाल सरकार
विज्ञापन बोर्ड

## प्राविधिक शिक्षालयलाई विद्यार्थी पाउन हम्मेहम्मे

**तम्घास,** कात्तिक २४/गुल्मीमा स्थापना भएको प्राविधिक शिक्षामा विद्यार्थी पाउनै मुस्किल परेको छ ।

जिल्लाको इस्मा गाउँपालिका-५ मा स्थापना भएको जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा विद्यार्थीको अभाव देखिएको छ ।

गाउँमै प्राविधिक जनशक्ति तयार गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत रहेर २०७६ सालमा इस्मामा बहुप्राविधिक शिक्षालयको स्थापना गरिएको थियो । शिक्षालयमा तीन वर्षको लागि छ सेमेस्टरमा डिप्लोमा इन जियोमेटिक्स इञ्जीनियरिङ विषयको अध्ययन हुने गर्दछ । उक्त कोर्ष अध्ययनपश्चात




अमिनतर्फ सर्वेक्षक पदका लागि योग्य जनशक्ति तयार हुनेछ । तर न्यून विद्यार्थी सङ्ख्याकाबीच पनि शिक्षालय सञ्चालन भइरहेको छ । शिक्षालयमा प्रत्येक सेमेस्टरका लागि ४८ जनाको कोटा निर्धारण गरिएको छ । तर हालको विद्यार्थी सङ्ख्या हेर्दा आधाभन्दा पनि कम विद्यार्थी छन् ।

- (बाँकी अन्तिम पेजमा ...)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निमोनिया हुनबाट बचौं

रुघाखोकी बिग्रिएर फोक्सोमा संक्रमण हुने रोग हो निमोनिया । पछिल्लो समय निमोनिया मृत्युको एक मुख्य कारण बनिरहेको छ । विश्वव्यापी रुपमा मृत्युको शीर्ष १० कारणमध्ये निमोनिया पनि एक रहेको विभिन्न अध्ययनले देखाएका छन् । सामान्यतया पाँच वर्षमुनि बालबालिका र ६० वर्षमाथिका ज्येष्ठ नागरिकमा यो लाग्ने र मृत्यु हुने जोखिम बढी हुन्छ । निमोनियाको मुख्य कारण भनेको भाइरस ( इन्फ्लुएन्जा, कोरोना र श्वसन सिंक्टियल भाइरस) ,ब्याक्टेरिया (ट्रेप्टोकोकस, स्टेफिलोकोकस् र हेमोफिलस) संक्रमणले हुन्छ । यसबाहेक छातीको चोटपटक, फोक्सोको घाउ तीव्र रसायनहरुको धुवा, आत्मघाती प्रतिरक्षा प्रणाली र औषधिको एलर्जीका कारणले पनि निमोनिया हुन सक्छ ।

खास गरी निमोनिया हुन नदिन चिसोबाट बच्नुपर्दछ । यतिबेला चिसो बढ्दो छ । चिसो मौसमसँगै मौसमी फ्लू, रुघाखोकी, निमोनिया जस्ता समस्याहरुले बढी नै सताउने गर्छ । त्यसमाथि बालबालिका, वृद्ध तथा गर्भवती र रोगप्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई जाडोको यो समयमा धेरै रोग लाग्ने गर्छ । जाडो याम सुरु भएलगत्तै धेरै रोगले सताउने भएकाले उनीहरूका लागि जाडो शत्रुबराबर हुन्छ । चिसो मौसममा मानिसलाई सामान्य रुघाखोकी लाग्छ । तर, सामान्य रुघाखोकी ठानेर हेलचेक्र्याइँ गर्दा रुघाखोकी बिग्रिएर निमोनिया हुने गर्दछ ।

निमोनिया पनि एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । निमोनिया संक्रमितले फेरेको सास वा खोक्दा–हाँच्छिउ गर्दा उसको मुखबाट उछिट्टिएको थुक–सिंगानको छिटाहरुले त्यसको सम्पर्कमा आउने मानिसलाई सजिलै संक्रमित तुल्याउन सक्छ । त्यसबाहेक, संक्रमितले छोएका वा प्रयोग गरेका सरसामानहरुको सम्पर्कमा आउँदा पनि निमोनिया सर्न सक्छ । नेपालमा जाडो सुरु भएपछि पाँच वर्षमुनिका बालबालिकामा निमोनियाको संक्रमण बर्सेनि अलि बढी हुने गरेको छ । निमोनियाबाट बचाउनका लागि बालबालिका खोप लगाउनुपर्छ, पोषणयुक्त खुराक पर्याप्त दिनुपर्छ र चिसोमा निक्लिन दिनु हुन्न । संसारमा जन्म लिने हरेक बालक, चाहे उ संसारको जुनैसुकै ठाउँमा जन्म किन नलियोस, उसको पहुँचमा निमोनियाको औषधिहरू पुग्नैपर्छ । यही कुरालाई मध्यनजर गरेर सन् २००९ देखि हरेक बर्षको नोभेम्बर १२ तारिख अर्थात् आजको दिन संसारभरी विश्व निमोनिया दिवस मनाइने गरिन्छ । यस दिवस मनाइनुको मुख्य उद्देश्य भनेको ५ बर्ष भन्दा कम उमेरका बच्चाहरु अकाल मृत्युको मुख्य कारक बनेको यस रोगको बारेमा जनसमुदायमा जागरूकता फैलाउनु हो । त्यसबाहेक ,निमोनियाको उपचारको लागि सुरक्षाको लागि हस्तक्षेपहरू बढाउनु र अतिरिक्त स्रोत र ध्यानको आवश्यकतामा समाधानहरू हटाउनुमा पनि आजको दिनलाई लक्षित गरिएको छ । यो आफैमा सकारात्मक छ । तर रोग लाग्न भन्दा लाग्नै नदिने उपाय खोज्नु उत्तिकै राम्रो मानिन्छ ।

### Opinion @ Social Network

आृना हुँदा पनी आफूलाई एक्लो पाएपछि महसुस भयो मेरो स्थान जरूरीमा होइन जरूरतमा मात्र रहेछ ।

*(शान्ता ढकालको **फेसबुक स्टाटसबाट** www.facebook.com/santadhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेताहरूले जनभावना अझै बुझ्न चाहेनन



## मनोजकुमार कर्ण

नेपालमा गत २०८२ भदौ २३ गते जेनजी विद्रोह र भोलिपल्ट २४ गते जेनजीको आवरणमा अपराधी तथा देशद्रोहीहरूको घुसपैठमा भएको अराजकतापछि सोही भदौ २७ गते निर्मित सुशीला कार्कीको वर्तमान सरकारले युवा पुस्ताको भावना समेट्ने अपेक्षा गरिएको थियो तर यो लेख लेख्ने बेलासम्म केवल एकजना जेन-जी पुस्ताका मात्र मन्त्री बनेका छन् भने देश केवल जेन-जी उमेर समूहको मात्र नभई सबैको हो र आजका जेनजीले भोलि आफ्नो पनि उमेर ढल्केला भन्ने सोच आओस् भन्ने आशामा जनता छन् । यस सरकारको निर्माण यस्तो जगमा भयो कि न यो श्रीलंकामा जस्तो संविधानलाई पूरा टेकेर र नै त बंगलादेशको युनुस सरकार जस्तो पूरा संविधानलाई बेवास्ता गर्दै सडकबाट भएको बडो जटिल प्रकृतिको भएको छ भन्ने सन्देश नै जेन-जी पुस्ताले आफूभन्दा सानालाई माया र ठूलालाई आदरसहित सँगै अगाडि बढ भन्ने हो ।

यस्तो परिस्थिति यो सरकार प्रचण्ड र राष्ट्रपतिका अनुसार एमाले अध्यक्षको प्रस्तावमा सुशीला कार्कीले सरकार बनाउने बेला न सेनाले दलका नेतालाई बन्दीको ठाउँमा गिरफ्तार गर्न सकेर 'कू' गरेको अवस्था थियो न कार्कीले जेनजीको नाममा सत्तारूढ भइरहँदा जेनजीलाई संविधानको सम्मान गर्न सम्झाई बुझाई गर्न सक्नुभयो । फलस्वरूप यो चुनावी सरकारले न जनतामा डेलिभरी गर्न सक्छ न जेनजी प्रदर्शनकारीलाई मर्ने कारक र अस्थिर सरकारका पर्यायद्वय एमाले र माओवादी नेतृत्वलाई पक्रेर थुन्न सक्यो । अनि न तै भदौ २४ गते लुट्ने, आगजनी गर्नेलाई पक्रेर कडा कारबाही राज्यद्रोहमा गर्न सकेको हो । यो लेख यसै आलोकमा रहेर अस्थिरताको मूल कारण केलाउँदै, विद्यमान केही चुनौतीबारे प्रष्ट पार्दै चाँडै स्थिरता कसरी कायम गर्ने हो, त्यसबारे हो ।

### प्रचण्डले अस्थिरता निम्त्याए

२०४६ सालपछि नेपालमा सरकारहरू अस्थिर भएर विकासमा बाधा परेको कुरा स्वयं माओवादीहरूले गरेर आृनो दश वर्षे सशस्त्र द्वन्द्वको उपलब्धि अब देशमा स्थिर सरकार दिने भने तर उनै प्रचण्ड माओवादी सुप्रिमोले भने वर्तमान संविधान २०७२ मा बनिसकेपछि २०७४ र २०७९ का चुनावहरूमा वामपन्थीसँग पनि स्थायीरूपमा मिल्न नसक्ने अनि कांग्रेसलाई पनि चुनावमा अलायन्स पार्टनर देखावटी बनाएर आफू सत्तारूढ हुनलाई केवल युज गरेको प्रष्ट सन्देश दिए । सत्तामा प्रचण्ड गए पनि उनकै वामपन्थी वा लोकतन्त्रिक अन्य सामान्य जनता कसैले पनि आमरूपमा लाभान्वित भएनन्, नत्र कार्यकर्ताबाहेक उनकै लडाकाहरू विदेशमा किन रुन्थे ।पछिल्लो चुनाव २०७९ पछिमात्र हेर्ने हो भने पनि प्रचण्ड असफल नेतृत्वको माओवादी एक्लैले १० सिट पनि जित्ने हैसियत नरहँदा कांग्रेससित तेस्रो ठूलो दल उभरेर पनि वैश्विक लोकतान्त्रिक अभ्यासविपरीत दुनियालाई शर्मसार पारेर आफैं प्रधानमन्त्रीमा न केवल डट्न चाहे, अपितु: राज्यस्रोतको चरम् दोहनमा लागेर दोष भने पहिलो दल कांग्रेस र दोस्रो ठूलो दल एमालेलाई सत्ता सहयात्री दल बनाएर देशलाई गिज्याइरहे । जनतामा राम्रो हुने निराशा बढाएर आक्रोश थप्दै जाँदा बाध्यभएर काँग्रेसबाट डा.शेखर कोइरालाले कांग्रेस र एमाले दुई ठूलै दलको सरकारको परिकल्पणा गरे, जुन भ्रष्टाचार गर्नेहरूका लागि प्रतिपक्ष कमजोर हुँदा अझ बाटो खोलिदियो । माओवादीले २०७९ को चुनावपछि लोकतान्त्रिक देश भारतलाई नै एनडिएको केन्द्र सरकारलाई देख्दा पुग्ने थियो । सरकार प्रमुखलगायत सभामुख, राष्ट्रपति, उपराष्ट्रपति आदि पहिलो ठूलो दलबाट र मन्त्रीका संख्या अनि प्रदेश सरकारको स्थानीय हालत अनुसार अलायन्स दलको सम्मानजनक उपस्थिति रहने तर प्रचण्डले नमानेर गल्ती गरे । अरूले पनि गल्ति गरे र प्रचण्डलाई अस्थिर बन्न छुट दिइरहे । जस्तै, प्रचण्डले अलायन्स पार्टनर तथा ठूलो दल काँग्रेसलाई चरम् धोखा दिएर एमाले दोस्रो ठूलो दलसँग सरकार बनाउन जाँदा एमालेले पनि वैश्विक लोकतान्त्रिक व्यवहार अनुसार केही थान मन्त्री र प्रदेश सरकारमा वर्चस्व अनुसार सरकार बनाउनेबाहेक सरकारको नेतृत्व पाउँदैनौं, भलै तिमी कांग्रेसबाट छुट्टिएर आऊ वा नआऊ भनिदिएको भए शायद एमालेको मिसन-८४ पनि सफल हुन्थ्यो र यता प्रचण्ड पनि स्थिर हुन बाध्य हुन्थे । केही हुन पाएन र परिस्थिति आज यस्तो छ कि जेनजी आन्दोलनको स्पिरिट नै उमेरले बुढाखाडा नभई बल्कि विचारमा भ्रष्ट जीर्ण भई सुन नचाहेका कम्तीमा ठूला दलका शीर्ष नेतृत्वले राजनीतिबाट पूर्णविश्राम लेउको विपरीत जेनजीको भाषामा भाषा वाकपटुताले मिलाएर यताउति छरिएका कम्युनिष्ट तिनै बद्नाम टाउके नेताहरूलाई जोडेर फेरि नेपाली कम्युनिष्ट पार्टीको नवप्रमुख भई प्रचण्डले २०४३ सालको सेक्टर काण्डपछि नेतृत्वको कुर्सीलाई फेरि लोकलाजलाई शर्मसार पारेर निरन्तरता दिएका हुन् । अर्थात्, प्रचण्डले फेरि सून चाहेनन् ।

ओली सरकारकै चाहनाको निरन्तरता माथि पृष्ठभूमिमा उल्लेख भएअनुसार यस कार्की सरकारको प्रस्तावकर्ता एमाले अध्यक्ष केपी ओली नै हुन् । संविधान र लोकतन्त्र बचाउन उनको प्रस्ताव अस्वीकार्य र आलोच्नात्मक छैन अपितु मन्त्रालयहरूमा चाहे शिक्षा होस् वा, अन्य सबैतिर एमालेका मान्छेहरूले जेनजी उपजका मन्त्रीहरूलाई पनि टिम मेम्बरको नाममा घेराबन्दी गरेर निवर्तमान ओली सरकारकै गतिविधिलाई यस सरकारले पनि निरन्तरता दिइरहेको ज्वलन्त उदाहरण धेरै मन्त्रालयबाट आइरहेका छन् । यो आपत्तिजनक कुरा हो किनकि सरकारमा जेन-जीका प्रतिनिधि हुन्, दलको प्रतिनिधि संविधानत: अनुपस्थित छन् तर अदृष्य नीति भने ओली सरकारको छ । जस्तै, त्रिविको जग्गा तथा अचल सम्पत्ति छानविन समितिको प्रतिवेदन, २०८१ ले बकाइदा परिच्छेद ६ निष्कर्श, सुझावमा 'पठनपाठनको वातावरण बिगारेकोले त्रिवि परिसरबाट क्रिकेट रंगशाला अन्यत्र सार' भनेको भए तापनि यस प्रतिवेदनलाई सार्वजनिक नगरिकनै नेपाल क्रिकेट संघ र त्रिविबीचको सम्झौता बुझिए अनुसार अब म्याद पनि यही मंसिरबाट सकिनलाग्दा पनि झन् अन्तर्राष्ट्रियस्तरको बनाउनलाई अघि बढ्यो । ओली, शेरबहादुर देउवा, प्रचण्ड, रवि लामिछानेहरूले देश बिगारे भन्ने जेनजीकै बोली अनुसार जेनजीबाट बनेको सरकारले नै उक्त छानविन प्रतिवेदन पढेरै क्याबिनेटबाट डिसिजन गरेर सार्वजनिक गरेको होला तर पनि क्रिकेट रंगशालालाई सार भन्ने सुझावलाई सरकारले नै धोती लाएर मन्त्री कुलमान घिसिङले थप दश अर्ब रुपैयाँ निर्माणमा दिनेभन्दा शिक्षामन्त्री महावीर पुनले पनि मक्ख पर्नुले यो सरकारलाई एमालेले नै कब्जामा पारिसक्यो नबुझेर के बुझ्ने ? यो गैरकानुनी मुद्दा लाग्ने अराजक व्यवहार पनि सरकारको हो । अझ अब अन्तर्राष्ट्रियस्तरको क्यान्टिन पनि ग्लोबल बैंकनेर दशैं-तिहारमा सबैजना घर गएको बेला जंगल फँडानी गरेर बनाउने ठेक्का अगाडि बढाइँदा ओली सरकारकै सचिवहरूबाट सम्भवत: एमालेकै ठेकेदारलाई लाभ दिनलाई दबाब स्वरूप त्रिवि पदाधिकारीले रोक्न असमर्थ रहेको बुझ्न बाँकी छ र ? यस्ता अन्य मन्त्रालयबाट पनि एमालेको बलजृतीको कुरा बाहिरिँदैछ । सवाल उठ्छ, जेनजी विदोहको अर्थ कांग्रेस सभापति देउवालाई आगजनी, कुटपिट गरी सकाएर कहिल्यै बुढो नहुने ठानिरहेका र नेतृत्व नछाड्ने केपी ओलीको जिम्मामा पार्टी र देश छोड्नु थियो ?तर महाभारतमा धृतराष्ट्र र उनका छोरा दुर्योधनले झैं ओली कुर्सी नछोड्न दृढ छन् ।

### दुर्गाको अराजकता

भारतमा नरेन्द्र मोदी सरकारलाई चक्मा दिएर बैंकहरूबाट खर्बौं रुपैयाँ ऋण लिएर फरार भएका विजय माल्या र निरव मोदी स्टिग्मा बनेजस्तै नेपालका बैंक डिफौल्टर, विगतमा नेपाललाई भारतमा मिलाइदिए दिल्ली, बम्बई, कलकत्ता हाम्रै हुने भनिसकेका नक्कली राष्ट्रवादी, प्रहरीको जिउमाथि जिप कुदाइसकेका अराजक तथा बैंकको ऋण तिर्नसक्ने क्षमता नभएको भनी साउदी अरबबाट सुनको लट्टी नेपालमा छिराएर निजी कमाण्डो सुरक्षा दस्तालाई तलब दिएर आफ्नो बनाउने असाध्यै संदिग्ध पात्र दुर्गा प्रसाईंलाई भारतले भर्खरै विवादित र अलोकतान्त्रिक रहेको भनी आफूहरूलाई कहिंकतै नमुछ्नलाई त्यहाँको एनडिटिभी अनुसार चेतावनी दिएको छ । गत २०८१ चैतमा असममा बिजेपीकै स्थानीय एक युवा नेताको घरमा प्रसाईंले यता नेपालमा प्रहरीमाथि जिप कुदाएर उत्ता शान्तिपूर्ण रूपमा सनातन हिन्दु राज्य बनाउने अभियानमा लागेको ठगेर लुकिरहँदा निजको बैंक फ्रौडबारे उनीहरूले थाहा पाउँदा प्रहरीलाई पक्रन क्लु दिएका थिए । वास्तवमा प्रसाईंजस्ता स्वयं अपराधमा मुछिएका मान्छेले अन्तिम राजा ज्ञानेन्द्र शाहलाई प्रतिगमन गराएर राजा बनाइदिन्छुभन्दा शाहले स्वीकार गर्नु नै उनी सम्मानित राजा बन्नुभन्दा बरू श्री ३ जंगबहादुर राणाको अण्डरमा शाहवंशका श्री ५ राजा जस्तो बन्न पाए पनि पुरानो राजा वीरेन्द्र शाहका सम्पत्तिलाई 'व्यवस्था' गर्न आतुर छन् भन्ने सर्वत्र अनुमान लगाइँदैछ । अर्थात्, एक त आजका जेन-जी वा कसैले पनि नेपालमा रक्तपात मच्चाउनसक्ने न प्रतिगमन राजतन्त्र चाहेको हो, न त ज्ञानेन्द्र शाह र दुर्गा प्रसाईंको व्यापारिक निजी लाभबाहेक राजनीतिक अजेण्डा छ । यस्ता अराजक प्रसाईंहरूलाई राज्य, दल र जाताहरूले रोक्नसक्नुपर्छ । कांग्रेसमात्र नभई लोकतन्त्रमाथिकै हमला जेनजी विद्रोहताका देउवा, ओली, प्रचण्ड, लामिछाने आदिहरू विवादित र आक्रोशका पात्र रहे पनि अन्य सबै सुरक्षित रहे तर कांग्रेस सभापति देउवा दम्पत्तिमाथि मात्र ज्यान लिने गरी आक्रमण र घरमा आगजनी, लुटपाट आदि भए । देशैभर कांग्रेसका पार्टी कार्यालयहरू जलाइए । यसरी कांग्रेस र नेतृत्वले नेपालमा राजतन्त्र फर्काउन वा कम्युनिष्टको सत्ता कब्जावाला प्रत्यक्ष राष्ट्रपति कार्यकारीको व्यवस्थामा कतै पनि नजाने बाधक ठानेर उग्रदक्षिणपन्थी र उग्रवामपन्थी दुईटाको आक्रमणमा परेका हुन् । यसलाई पुष्टि हुनेगरी राधाकृष्ण मैनालीले भर्खरै अन्तर्वार्ता पनि दिए कि कांग्रेसले पार्टीगत रूपमा राजतन्त्र नमान्दा हालको राजनीतिक तरलतामा दुर्गा प्रसाईं वा सुरक्षाका केही मान्छेले राजा फर्काउँदा पनि दश दिन पनि टिक्ने छैन । यसले गर्दा कांग्रेसले नै नेपालमा वर्तमान संविधान र लोकतन्त्रको रक्षा गर्ने दल हो भन्ने पुष्टि हुन्छ । इतिहास साक्षी छ कि जब जब नेपाली कांग्रेसमा नेतृत्व वा नीतिको विवादमा ग्रहण लागेको छ, तब तब देशको लोकतन्त्र र जनताको अधिकार तथा संविधानमाथि ग्रहण लागेको छ । अहिले कांग्रेसमा देखिएको महाधिवेशन यही पुसमा कि नयाँ वर्षको वैशाखमा भन्ने विवादमा समय अल्झाएर कम्युनिष्ट वा राजावादीलाई बलियो संगठित हुन दिने बेला होइन । देउवाले अब चुनाव नलड्ने सानेपामै गएर बोलिसकेका छन् र यही मंसिरपछि वर्तमान केन्द्रीय कार्यसमितिको म्याद सिद्धिदा पुस वा वैशाख जहिले महाधिवेशन गरे पनि वर्तमान समितिको म्याद थप्नै पर्छ । अब निर्वाचन फागुन २१ मै नहुने र म्याद थप्ने भनेर सरकारले नै लगभग भनिसकेको अवस्थामा छ भन्न सकिन्छ भने निर्वाचनअगाडि कांग्रेसको महाधिवेशन होस् वा चुनावपछि तर चुनावमा जाँदा मनमनै चिरिएको रूपमा जानुभएन । यहाँनेर युवा नेतृत्वहरूले नेतृत्व खोस्छुभन्दा पनि पुरानाको अनुभवबाट मात्र बढ्दा अहिले कांग्रेस, लोकतन्त्र, संविधान, देशको जित हुनेछ भन्ने कुरा बुझ्नु जरुरी छ । यहाँ बुझ्नुपर्ने कुरा के हो भने कि सभापतिमाथि मात्रै महाधिवेशन सम्पन्न किन नगराएको भनी प्रश्न उठाउने महामन्त्रीले पनि क्रियाशील सदस्यताको काम किन टुंगिएन भन्ने जवाफ दिनुमात्र नभई ढिलाइको जिम्मा लिएर अब सबैसँग मिलेर एक ढिक्का भई अघि बढ्नुको विकल्प वा छुट् छैन । -***इहिमालय टाइम्स***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिवारमा जिम्मेवारी बढ्ने र मानसम्मानका अवसर प्राप्त हुनेछन् । | **तुला** : कार्यक्षेत्रमा प्रशंसा हुनेछ । आँटेको काममा सफलता मिल्ला । |
| **वृष** : कार्यक्षेत्रमा सफलता मिल्नेछ । बौद्धिक कार्यमा प्रगति हुनेछ । | **वृश्चिक** : वरिष्ठ व्यक्तिहरूको सहयोग प्राप्त होला । व्यक्तिगत कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : प्रभावशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ । आर्थिक स्थिति सुदृढ रहनेछ । | **धनु** : स्वास्थ्य अनुकूल नहोला । आत्मविश्वासमा कमी आउनेछ । |
| **कर्कट** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ । व्यवसायमा स्थिरता आउनेछ । | **मकर** : सेवामूलक कामबाट प्रतिष्ठा बढ्नेछ । योजना गुप्त राख्ने प्रयास गर्नुहोस् । |
| **सिंह** :वैवाहिक सम्बन्धमा तनाव उत्पन्न होला ।सवारी चलाउँदा सावधान रहनुहोला । | **कुम्भ** : प्रतिस्पर्धामा सफलता मिल्नेछ । अनावश्यक खर्चबाट जोगिनुहोस् । |
| **कन्या** : नयाँ लगानी लगाउने अवसर मिल्नेछ । व्यापार व्यवसायमा लाभ रहनेछ । | **मिन** : प्रेम सम्बन्धमा सकारात्मक संकेत मिल्नेछ । संगीतको क्षेत्रमा सफलता मिल्नेछ। |

## कला मनोरञ्जन

# पर्दा पछाडिका 'हिरो'हरू





**काठमाडौँ,** पर्दामा देखिने कलाकारहरूको अभिनयले दर्शकलाई आकर्षित गर्छ भन्ने सबैले अनुभूति गरेकै विषय हो । तर, चलचित्रमा देखिने दृश्यलाई सुन्दर र प्रभावकारी बनाउन पर्दापछाडी काम गर्ने प्राविधिकको भूमिकाका बारेमा धेरैलाई थाहा हुँदैन । प्रभावकारी 'टिम स्प्रिट'का साथ निर्माण हुने चलचित्रमा पर्दापछाडी काम गर्ने निर्देशक, मुख्य सहायक र सहायक निर्देशकको जिम्मेवारी तथा भूमिका महत्वपूर्ण हुने भए पनि ती सदैव ओझेल परिरहेका हुन्छन् ।

मुख्यत: धेरैले पर्दा पछाडीका 'हिरो' भनेर निर्देशकलाई चिन्ने गर्छन् । किनकि निर्देशक नै चलचित्र तयार गर्ने 'टिम क्याप्टेन' हुन् । तर, पर्दाभित्र रही निर्देशकलाई पनि सघाउने मुख्य सहायक तथा सहायक निर्देशकहरू आम दर्शकमाझ अपरिचित तथा गुमनाम हुन्छन् । चलचित्रको व्यवस्थापनदेखि कलाकारको तालिम, संवाद र दृश्य व्यवस्थापनसम्म उनीहरू सक्रिय रहन्छन् । निर्देशकको योजना र भिजनलाई छायाङ्कन सेटमा कार्यान्वयन गराउने मुख्य व्यक्ति उनीहरू नै हुन् । छायाङ्कनको तालिका तयार पार्ने, कलाकार र प्राविधिकाबिच समन्वय गर्ने र दृश्यको तयारी सुनिश्चित गर्नु उनीहरूको जिम्मेवारी हो । यदि निर्देशक चलचित्रको कप्तान हुन् भने सहायक निर्देशकहरू खेलमैदानमा रणनीति कार्यान्वयन गराउने खेलाडी हुन् । हामीले सामान्यता देख्ने 'क्ल्याप ब्वाई' देखि 'एक्सन कट' भन्ने निर्देशकसम्मकै मेहनतले एउटा चलचित्रलाई पूर्ण बनाउन मद्दत गर्छ । तर, निर्देशकको चर्चा भए तापनि मुख्य सहायक वा सहायक निर्देशकको विरलै चर्चा हुने गर्छ । 'पर्दा पछाडीका हिरो'का रूपमा चिनिने उनीहरूले मेहनत धेरै र चर्चा कम पाउने गर्छन् । विगत डेढ दशकदेखि 'क्ल्याप ब्वाई' हुँदै मुख्य सहायक निर्देशकसम्म भूमिका निर्वाह गरिसकेका फिरोज खड्काका अनुसार निर्देशक र कलाकारबिचको पुलको काम सहायक निर्देशकहरूले गर्दछन् । "सहायक निर्देशकका रूपमा जति मेहनत गर्न सक्यो त्यति नै काम सिकिन्छ । तर, निर्देशकको विश्वास जितेर काम गर्न सक्नुपर्छ । आफ्नो कामसँगै अन्य काममा पनि आफ्नो सहभागिता देखाउन सक्नुपर्छ, किनकि सहायक निर्देशक भए पनि निर्देशककै समूहमा रहेर काम गरिरहेका हुन्छौँ", मुख्य सहायक निर्देशक खड्काले भने । उनका अनुसार दृश्यको निरन्तरता, एउटा दृश्यमा देखिने सम्पूर्ण समान र कलाकारको भावको निरन्तरतासँगै कलाकारलाई पात्रसँग जोड्ने काम सहायक निर्देशकहरूकै हुन्छ । उनले चलचित्र 'भगवान् सबैको' मार्फत निर्देशक विभागमा कामको सुरुआत गर्नुभएको थियो । त्यसयता 'गुडबाई काठमाडौँ', 'लूट', 'सेतो सूर्य', 'राजगञ्ज' लगायतका लोकप्रिय चलचित्रहरूमा उनले काम गरिसकेका छन् । उनी पछिल्लो समय खोजिने मुख्य सहायक निर्देशकको रूपमा परिचित छन् । प्राय: निर्देशक निश्चल बस्नेतको मुख्य सहायक भएर उनले काम गर्दै आएका छन् । "निर्देशक बस्नेतसँग सुरुआती दिनदेखि नै काम गरेकाले पनि हामी सहज भयौँ, उनले पनि विश्वास गरे । त्यसकारण उनका चलचित्रमा मैले मुख्य सहायक निर्देशक भएर काम गरेको छु । राम्रो निर्देशकहरूसँग काम गर्न पाउँदा हामीले पनि सिक्दै, बुझ्दै आफूलाई परिपक्व बनाउन सक्छौँ", उनले भने । निर्देशन विभागमै रहेर डेढ दशक काम गरिसकेका अर्का निर्देशक हुन्, अनिल खड्का । उनले पनि धेरै चलचित्रमा सहायक र मुख्य सहायक निर्देशकका भूमिका निर्वाह गरिसकेका छन् । केही चलचित्रमा निर्देशकले विश्वास गरेर उनलाई दृश्य निर्देशन गर्न पनि प्रेरित गरे । "हामीले निर्देशककै अन्तर्गत रहेर काम गर्छौं । कलाकार र निर्देशकबिचको सहजीकरणसँगै निर्देशककै आँखा बनेर हामीले काम गरिरहेका हुन्छौँ । त्यसले हामीलाई काम गर्ने शैलीबारे अवगत गराउनाका साथै कठिनाइसँग पनि जानकार गराउँछ", उनले भने । मुख्य सहायक निर्देशक भएर काम गरिरहेका खड्का बिस्तारै चलचित्र निर्देशनको तयारीमा छन् । तर, आफूलाई चित्त बुझ्दो पटकथा नपाउँदासम्म उनले त्यो आँट गर्न सकेका छैनन् । "मुख्य सहायक निर्देशकका रूपमा हामीले निरन्तर काम पाउँछौँ, गर्ने वा नगर्ने हाम्रो निर्णय हुन्छ । तर, निर्देशक बनिसकेपछि हामी पछाडि फर्किन सक्दैनौँ, त्यसैले चित्त बुझाउने कथा नपाएसम्म निर्देशन नगरेको हो । प्रस्ताव आएका छन्, तयारी पनि छ । सम्भवत: अर्को वर्ष निर्देशन गर्ने सोचमा छु । तर अहिले केही भन्ने अवस्था छैन", उनले भने । उनी झैँ मुख्य सहायक निर्देशककै रूपमा काम गरिरहेका फिरोज खड्का पनि पटकथाको खोजीमा छन् । आफूले खोजेजस्तो पटकथा पाएमा आएको निर्देशकको प्रस्तावलाई स्वीकार गर्ने उनको भनाइ छ । उनी दुई झैँ मुख्य सहायक निर्देशकका रूपमा लामो समय काम गरेका वसन्त अधिकारीले 'जानी नजानी' चलचित्रमार्फत निर्देशक बने ।

उनीसँग प्राविधिकका रूपमा काम गरेकोसँगै सम्पूर्ण टोलीको कप्तानी गरेको अनुभव छ । "मुख्य सहायक हुँदै निर्देशक बन्दा चलचित्र भव्य हुनुपर्छ । जसले तपाईंको कामलाई आमदर्शकसँगै अन्य निर्मातासम्म पनि पुऱ्याउँछ । किनकि पहिलो निर्देशकीय चलचित्र पाउन जति सहज हुन्छ, दोस्रो पाउन त्यति नै मुस्किल ।फेरि पर्दापछाडि काम गर्नेहरू पर्दाअगाडि आएर आृनो बजारीकरण

(मार्केटिङ) पनि धेरै गर्न सक्दैनन् । त्यसैले दोस्रो चलचित्र पाउन मुस्किल हुन्छ", उनले भने । उनले पहिलो चलचित्र निर्देशन गरेको करिब पाँच वर्ष भइसके पनि दोस्रो चलचित्र निर्देशन गर्न सकेका छैनन् । यसमा उनी आफ्नो 'पब्लिक रिलेसन' कारक मान्छन् । "मैले चलचित्रमा काम गर्दा आृनो काममा मात्र केन्द्रित भएर काम गरिरहेँ । आफ्नो सम्बन्ध निर्माता वा अन्यसँग बढाउन नसके जति वर्ष काम गरे पनि निर्देशकका रूपमा प्रस्ताव आउन कठिन नै हुन्छ । त्यसमाथि पहिलो चलचित्रले व्यावसायिक रूपमा सफलता पाउन सकेन भने त दोस्रो चलचित्र निर्देशन गर्न निकै कठिन हुन्छ", निर्देशक अधिकारीले स्पष्ट गरे । उनले चलचित्रमा ध्वनि, वेशभूषालगायतका विभागमा काम गरेपछि मात्र निर्देशन विभागमा काम गर्ने अवसर पाएका थिए । विदेशतिर चलचित्रमा व्यावसायिक घरानाको लगानी हुने भएकाले निर्देशकहरूले नै आफ्ना सहायक निर्देशकलाई निर्देशकका रूपमा अगाडि ल्याउने चलन छ । तर, नेपालमा भने त्यस्तो परिपाटी नरहेको उनको भनाइ छ ।"हामीले छिमेकी देश भारतकै बलिउडको उदाहरण हेऱ्यौँ भने त्यहाँ आृनो सहायकलाई निर्देशकका रूपमा अगाडि ल्याएको देखिन्छ । तर, नेपालमा लगानीकर्तासँग 'कर्पोरेट हाउस' विरलै जोडिन्छन् । फलत: आफ्नो गोजीको लगानीमा 'रिस्क' लिन कसैले आँट गर्दैनन् । त्यही भएर मुख्य सहायक निर्देशक हुँदै निर्देशक बनेका धेरैले निरन्तरता दिन सकिरहेका छैनन्", निर्देशक अधिकारीले भने । उनीहरू झैँ काम गरेर निर्देशक बनेका भद्र भुजेल, सम्राट शाक्य, मुस्कान ढकाललगायतका निर्देशकले आफ्नो पेसालाई निरन्तरता दिन कठिनाइको सामना गरिरहेका छन् । त्यसकारण पनि केही सहायक निर्देशकहरू पूर्णरुपमा निर्देशक बन्न तयार देखिएका छैनन् । उनीहरू निर्देशकीय चलचित्र व्यावसायिक रूपमा असफल भएमा चलचित्र निर्देशनसँगै निर्मातालाई रिझाउनुपर्ने दबाब हुने बताउँछन् ।*-रासस*

# जोनिया मोनेट बनिन् पहिलो एआई गायिका



जेनिया मोनेट पहिलो एआई गायिका हुन् जसले बिलबोर्ड रेडियो चार्टमा डेब्यू गरेकी छन् । मोनेटले सन् २०२५ को गर्मीयाममा गीत रिलिज गरेपछि धेरै बिलबोर्ड चार्टमा देखिएकी छन्।उनको प्रबन्धक रोमेल मर्फीले भने, 'एआईले कलाकारलाई प्रतिस्थापन गर्दैन' र यो नयाँ चुनौती हो।कृत्रिम बौद्धिकता (एआई) जताततै फैलिएको छ । संगीत चार्ट पनि यसबाट अब अलग रहेन । बिलबोर्डका अनुसार, जेनिया मोनेट नामक एआई गायिका 'बिलबोर्ड रेडियो चार्ट' मा डेब्यू गर्ने पहिलो एआई गायिका बनेकी छन् । मोनेटले सन् २०२५ को गर्मीयाममा पहिलो पटक गीत रिलिज गरेदेखि अहिलेसम्म धेरै बिलबोर्ड चार्टमा देखिएकी छन् ।जसमा हट गोस्पेल सङ्स (उनको गीत "लेट गो, लेट गडको लागि) र हट आर एन्ड बी सङ्स चार्ट (उनको गीत 'हाउ वाज आइ सपस्ड टु नो' को लागि) समावेश छन् । यतिबेला उनले, हलवुड मिडियासँग बहु-मिलियन डलरको रेकर्ड सम्झौतामा हस्ताक्षर गरेकी छन् जसलाई बिलबोर्डले 'अ बिडिङ वार' भनेको छ । हलिउड लामो समयदेखि एआई कलाकारले मानिसबाट काम खोसेकोमा पर्ने असरको बारेमा चिन्तित छ । (एआई अभिनेत्री टिली नोरवुडमाथि हालै भएको विवाद हेर्नुहोस्) तर चिन्ता जतिसुकै चर्को भए पनि, कलामा एआईको प्रयोग बढ्दै गइरहेको छ । इन्स्टाग्राममा मात्र १ लाख ४६,००० भन्दा बढी फलोअर्स भएकी मोनेटले उद्योग सशंकित भएपनि उपभोक्ता यस विचारप्रति खुला छन् भन्ने पुष्टि पनि गर्छ ।मोनेटको एप्पल म्युजिक प्रोफाइलमा उनीबारे यस्तो लेखिएको छ,'केसिया कोल, के मिसेल र मुनी लङको उच्च अभिव्यक्तिपूर्ण, यथार्थवादी समकालीन आरएन्डबी गायिकको रूपमा प्रस्तुत गरिएको समग्र व्यक्तित्व हो' भनेर व्याख्या गर्छ । मोनेटलाई मिसिसिपीकी कवि तेलिशा निक्की जोन्सले डिजाइन गरेकी थिइन् जसले गीत लेख्छिन् । मोनेटले सुनोको सहयोगमा प्रस्तुति दिइरहेको देखिन्छ । 'एक जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स संगीत सिर्जना कार्यक्रम' उनको बायोमा थप लेखिएको छ । मोनेटले अगस्टमा एल्बम "अनफोल्डेड" रिलिज गरिन्, जसमा २४ गीतहरू थिए । मोनेटका प्रतिनिधिबाट जारी गरिएको प्रेस विज्ञप्तिमा एआई गायकको "सहज, भावपूर्ण आवाज" र "मानवजस्तै प्रस्तुति" को चर्चा गरिएको छ । तर आफू मोनेटको प्रबन्धक भएको र सीएनएनका भिक्टर ब्ल्याकवेलसँग कुरा गरेको बताउने रोमेल मर्फीले एआईका गीतले मानव गायक र गीतकारलाई प्रतिस्थापन गर्ने कुनै उद्देश्य नभएकोमा जोड दिए ।'एआईले कलाकारलाई प्रतिस्थापन गर्दैन । त्यो हाम्रो लक्ष्य होइन । यसले रचनात्मकतालाई घटाउँदैन र मानव अनुभवबाट टाढा लैजाँदैन'उनले भने, 'यो एउटा नयाँ चुनौती हो । कोहीले यसलाई अवसरको रुपमा लिएर आत्मसात गर्छन् भने कोही यसप्रति सशंकित हुन्छन् ।' बिलबोर्डले हालै सार्वजनिक गरेको विवरणअनुसार, पछिल्ला केही महिनाहरूमा, कम्तिमा ६ जना एआई वा एआई-सहायता प्राप्त कलाकारले विभिन्न बिलबोर्डको श्रेणीमा डेब्यू गरेका छन् । बिलबोर्डले उक्त संख्यामा अझै बढी हुनसक्ने बताएको छ । (*अनलाइनखबर)*

# शोभित निर्देशित फिल्म जापानमा पनि प्रदर्शन हुने




**काठमाडौं,**आगामी मंसिर २६ गते नेपालभर प्रदर्शनमा आउन लागेको फिल्म 'पीआर' ले जापानमा आफ्नो प्रदर्शन अधिकार बिक्री गरेको छ । जापानमा नेपाली फिल्म वितरण गर्दै आएको युना डिजिटलले 'पीआर' को प्रदर्शन अधिकार खरिद गरेको हो।

निर्देशक शोभित बस्नेतका अनुसार, जापानका लागि फिल्म राम्रो रकममा बिक्री भएको छ । उनले अन्य देशका वितरकहरूसँग पनि छलफल भइरहेको जानकारी दिए । निर्देशक बस्नेतका अनुसार, 'पीआर' प्रेम, संघर्ष र आप्रवासनसँग जोडिएको भावनात्मक कथामा आधारित भएकाले पनि विदेशमा रहेका नेपाली दर्शकमाझ फिल्मप्रतिको चासो राम्रो देखिएको छ । उनी फिल्ममा विदेशमा रहेका छोराछोरीको जीवन र नेपालमा रहेका अभिभावकले उनीहरुप्रति गरेको अपेक्षालाई कथाको केन्द्र बनाइएको बताउँछन् । हालै सार्वजनिक भएको फिल्मको गीत 'टाटा बाइ बाइ' ले पनि सामाजिक सञ्जालमा राम्रो लोकप्रियता पाइरहेको छ । फिल्ममा नीर शाह, गौरी मल्ल, आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, मस्तानी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स बाबु , कृष्ण थापा,र नवीन घायललगायत कलाकारहरूको अभिनय छ । रविन्द्र खड्का, उत्तम के.सी. र दिक्पाल कार्की विशेष भूमिकामा देखिनेछन्। रञ्जित साह र सन्तोष तिवारी प्रस्तुतकर्ता रहेको यस फिल्मका निर्माता लक्ष्मण सापकोटा र प्रदीप दाहाल हुन् । गणेश बुढाथोकीको लेखन तथा बन्दे प्रसादको सम्पादन रहेको यो फिल्मको छायांकन सौरभ सायमी र सौरभ लामाले गरेका हुन्। नेपालमा वितरणको जिम्मा आर.आर. फिल्म्सले लिएको छ ।

*-सेतोपाटी*

# आज विश्व निमोनिया दिवस मनाइँदै




**पाल्पा,** कार्तिक २५/आज विश्व निमोनिया दिवस, नेपालमा पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदै छ । विश्व स्वास्थ्य सङ्गठनले सन् २००९ देखि प्रत्येक वर्ष नोभेम्बर १२ लाई विश्व निमोनिया दिवसको रूपमा मनाउने घोषणा गरेको हो ।

यसको उद्देश्य निमोनियाबारे सर्वसाधारणलाई जानकारी प्रदान गर्नुका साथै निमोनियाबाट बच्ने उपाय, निमोनियाको रोकथाम र उपचारका उपायबारे जनचेतना फैलाउनु रहेको छ । निमोनिया फोक्सोको संक्रमणबाट हुने रोग हो । जसमा फोक्सोका कोषहरु सुनिन्छन र स्वास प्रश्वासमा समस्या आउने गर्दछ । नेपालमा बाल मृत्युदर बढाउने प्रमुख रोगका रुपमा देखिएको निमोनिया भाइरस फङगस वा व्याक्टेरियाको जुनसुकै संक्रमणबाट पनि हुन सक्छ । निमोनियाले सबै उमेर समुहका व्यक्तिलाई असर गरेपनि विशेषगरि बालबालिका र ज्येष्ठ नागरिक्लाई बढी असर गर्ने गरेको छ । पाँच वर्षका मुनिका बच्चालाई बढि देखिने यो रोगले दुई वर्ष मुनिका बच्चाहरुलाई बढी सताउने गरेको पाइन्छ । यो चिसो मौसममा बढी हुने गर्दछ । चिसो मौसममा मानिसलाई सामान्य रुघाखोकी लाग्छ । तर, सामान्य रुघाखोकी ठानेर हेलचेक्र्याइँ गर्दा रुघाखोकी बिग्रिएर निमोनिया हुने गर्दछ । जुनसुकै कारणले भए पनि निमोनियाको संक्रमण भएपछि फोक्सोको हावा थैलीहरुमा इन्फ्लेमेशन (सुन्निने) हुन्छ । यसरी निमोनिया संक्रमण भएर त्यस्ता हावा थैलीहरु सुन्निन थालेपछि बेलैमा उपचार भएन भने त्यहाँ पानी वा पीपहरु भरिन थाल्छ । निमोनियाको रोकथाम र उपचारमा विशेष ध्यान पुऱ्याउन विश्व स्वास्थ्य संगठन डब्ल्यूएचओले हरेक वर्ष आग्रह गर्दै आएको छ । यसको न्यूनीकरणका लागि निमोनियाविरुद्धको खोपसहित अरु रोकथामका सुरक्षा अपनाउन आवश्यक छ । बिरामीको अवस्थाअनुसार उपचार हुने भएकाले लक्षणहरू देखिनासाथ अस्पताल जान डाक्टरको सल्लाह छ । नेपालमा बढ्दो धुवाँधुलोका कारण निमोनियाका बिरामी बढ्दै गएको चिकित्सिक बताउँछन् । खोकी लाग्ने, बच्चाहरुले छिटोछिटो सास फेर्ने, श्वासप्रश्वासमा समस्या, छाति तथा कोखा दुख्ने निमोनियाका लक्षणहरु हुन् । रुघाखोकी बिग्रेर निमोनिया लाग्ने सम्भावना बढी हुने, तथा पोषणको अभाव, वातावरणीय प्रदुषणका कारण नेपालमा निमोनिया हुने गरेको चिकित्सकहरुको भनाई छ । बालबालिकालाई जन्मेदेखि ६ महिनासम्म स्तनपान गराउने, पोषिलो खानेकुरा खावाउने, धूवाँधुलोबाट सुरक्षित राख्ने हो भने निमोनियाबाट बचाउन सकिने चिकित्सिको भनाई छ ।

## प्राविधिक शिक्षालयलाई...

...शिक्षालयमा हालसम्म छ वर्षको अवधिमा दुई सय ८८ विद्यार्थी भर्ना गर्ने कोटा निर्धारण भए पनि हाल ६५ जना अर्थात कुल क्षमताको २३ प्रतिशत विद्यार्थी मात्रै भर्ना भएका छन् ।

शिक्षालयमा भर्ना भएपछि २०७७, ७८, ७९ र ८१ को शैक्षिक सत्रमा भर्ना भएकामध्ये पनि १८ जनाले बीचमै अध्ययन छोडेका छन् । इस्मामा बहुप्राविधिक शिक्षालय सञ्चालन गर्नको लागि सिटिइभिटीले एकजना अधिकृतस्तरको प्रशिक्षक, दुई जना सहायक प्रशिक्षक, प्रशासन, लेखा, स्टोर र कार्यालय सहयोगी गरी सातजना कर्मचारीको व्यवस्था गरेको छ । गुल्मीका साथसाथै हुम्ला, जुम्ला, मुगु, बाजुरा, जाजरकोट, रुकुम पश्चिम लगायतका ठाउँबाट विद्यार्थी अध्ययनका लागि गुल्मीको शिक्षालय आएका छन् । शिक्षालय प्रमुख प्रदीपराज पौडेलले बिना पूर्वाधार सरकारले भर्ना खोल्दा विद्यार्थी संख्या कम भएको बताउनुभयो । उनले शिक्षालय स्थापना भएको छ वर्षसम्म पनि सामान्य पूर्वाधारसमेत नबन्नु दुखद् भएको बताए । 'भर्ना हुन आएका कतिपय विद्यार्थी भौगोलिक विकटताका कारण अन्यत्रै जाने गरेका छन् ।' उनले भने,"शिक्षालयमा पढ्ने मात्रै होइन, विद्यार्थीलाई बस्नसमेत समस्या छ ।" अहिले पनि अधिकाशं विद्यार्थी कच्ची घरमा महँगो भाडा तिरेर बस्न बाध्य भएको बताए ।

इस्मा गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले विद्यार्थी संख्या वृद्धि गर्नको लागि जुनसुकै ठाउँबाट आएका विद्यार्थीलाई पनि नि:शुल्क अध्ययनको व्यवस्था गरेको बताए ।पालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा समावेश गरी प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरेको उहाँको भनाइ छ । साथै अहिले संघीय सरकारबाट पूर्वाधार निर्माणको लागि रु तीन करोड बजेट विनियोजन भएको पनि उनले बताए ।

शिक्षालय प्रमुख प्रदीपराज पाण्डेका अनुसार भर्ना खुलेको वर्ष २०७७ मा १८, ७८ मा १३, २०७९ सालमा १५ जना विद्यार्थी भर्ना भए । २०८० मा भने दुईजना मात्रै भर्ना हुन आएपछि शिक्षालयले उक्त सेमेस्टरको पठनपाठन नै बन्द गर्‍यो ।

यसपछि विसं २०८१ मा १२ एवं २०८२ को हालसम्म सातजना विद्यार्थी भर्ना भएका छन् । चालु शैक्षिक सत्रको भर्ना कार्यक्रम भने चलिरहेको छ ।विसं २०७६ मा स्थापना भए पनि ०७७ को शैक्षिक सत्रबाट शिक्षालयमा भर्ना खुलेको थियो । **-रासस**

## पर्यटन प्रवर्द्धनमा ...

...डिष्ट्रिक्ट गर्भनर लायन बालाराम भट्टराईले "लायन्सको सेवा नै हाम्रो पहिचान हो" भन्दै सबै सदस्यलाई थप लायन्सप्रति समर्पित भई समुदायमा योगदान दिन आग्रह गरे । कार्यक्रममा समाजसेवा र मानव कल्याणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका बुद्धि प्रसाद शर्मा, खेम बहादुर सारु र धर्मराज श्रेष्ठलाई सम्मान समेत गरिएको थियो । बैठकमा डिष्ट्रिक्टका पदाधिकारी, क्लब अध्यक्ष तथा सचिवहरू, पूर्व गर्भनरहरू, युवा लायन्सहरू र देशका विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरू गरी ७०० भन्दा बढीको सहभागिता रहेको थियो । डिष्ट्रिक्ट गर्भनर लायन बालाराम भट्टराईको अध्यक्षतामा बैठक भएको थियो ।

### खेलकुद समाचार

## दशौं राष्ट्रिय खेलकुद फागुनको पहिलो हप्ता हुने



**काठमाडौ,** कार्तिक २५/सरकारले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आउँदो फागुनको पहिलो हप्ता आयोजना गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को हिजोको बैठकले आउँदो फागुन १ गतेदेखि ७ गतेसम्म कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए । यस्तै बैठकले प्रतियोगिताका लागि ६३ करोड बजेट छुट्टाउने निर्णय गरेको छ । सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा प्रतियोगिताका लागि ५४ करोड विनियोजन गरेको थियो । तर, सोमवारको निर्णयसँगै प्रतियोगिताको बजेट ६३ करोड पुगेको छ ।

राष्ट्रिय खेलकुद परिषद्को गएको बुधवार बसेको बोर्ड बैठकले राष्ट्रिय प्रतियोगिता फागुनको १ देखि ७ गते आयोजना गर्ने निर्णय गरेको थियो । खेलकुदमन्त्री भएर आएपछि पहिलो बोर्ड बैठकबाट बब्लु गुप्ताले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको निर्णय गराएका थिए । २०७९ सालमा पोखरामा भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा कर्णाली प्रदेशले दशौं राष्ट्रिय खेलकुदको झन्डा लिएको थियो । हरेक दुई वर्षमा हुने भनिएको दशौं राष्ट्रिय खेलकुद गएको वर्ष आयोजना हुन सकेन । जेन-जी आन्दोलनपछि खेलकुदमन्त्री बनेका गुप्ताले यस वर्ष राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने निर्णय गरेका हुन् ।

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## काँग्रेस पाल्पाद्वारा लम्तारीको परिवारलाई आर्थिक सहयोग



**पाल्पा,** कार्तिक २५/नेपाली काँग्रेस पाल्पाले तानसेन नगरपालिका-१० आमडाँडाका स्वर्गीय डिल बहादुर लम्तरीको परिवारलाई आर्थिक सहयोग गरेको छ ।

काँग्रेसले स्वर्गीय गणेशमान सिंहको १११औं जन्मजयन्तीको अवसरमा लम्तारीको घरमै पुगेर क्रियाखर्चबापत २५ हजार सहयोग गरेको हो । उक्त सहयोग रकम काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले लम्तारी परिवारलाई हस्तान्तरण गरेका हुन् । रकम हस्तान्तरण गर्दै सभापति श्रेष्ठले कमजोर आर्थिक अवस्था भएको परिवारलाई थोरै भए पनि राहत होस् भनेर तानसेन नगरपालिकाबाट प्राप्त ५ हजार र पार्टीकोतर्फबाट २० हजार गरी २५ हजार आर्थिक सहयोग गरिएको बताए । उनले काँग्रेस विपद्मा परेकाहरुको साथमा रहेको समेत बताए । सभापति श्रेष्ठले भने "काँग्रेस केवल राजनीतिक दल मात्र होइन, समाजसेवाको बलियो संस्था पनि हो । दु:खी र विपन्न नागरिकको छेउमा सधैं काँग्रेस रहनेछ । यो सहयोग कुनै औपचारिकता होइन, हाम्रो मानवीय जिम्मेवारी हो ।" स्व.लम्तरी आफ्नै घरमा लडेर घाइते भएका थिए । परिवारका सदस्यका अनुसार घरमा सामान्य काम गर्दै गर्दा ढलेका उनलाई तत्काल अस्पताल पुऱ्याइए पनि उपचारका क्रममा निधन भएको थियो । उनकी श्रीमती, ८ वर्षका छोरा रिदम लम्तरी र ६ वर्षकी छोरी रितिका लम्तरी रहेका छन् । आर्थिक रूपमा कमजोर परिवारको कमाउने व्यक्ति नै गुमाएपछि कठिन अवस्थाको सामना गर्नुपरेको स्थानीयहरूले बताएका छन् ।

**हार्दिक समवेदना**



जन्म
वि.सं. २०२९/०३/०५

स्वर्गारोहण
वि.सं.२०८२/०७/१७

**स्व.सन्तोष गौतम (साजन)**

परियार समाज गुठी तानसेन पाल्पाका गुठीका सदस्य **सन्तोष गौतम (साजन)** को मिति २०८२ कार्तिक १७ गते सोमबारका दिन ५४ वर्षको उमेरमा भएको दुःखद् निधनले यस गुठी परिवार स्तब्ध भएको छ । साथै यस दुःखद् घडीको आज १३ औं पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासँगै **हार्दिक श्रद्धाञ्जली** तथा शोकाकूल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| कोषाध्यक्ष | सचिव | अध्यक्ष |
|---|---|---|
| सन्जु दर्नाल | सुजन कार्की | तीर्थप्रसाद गौतम |

एवं

**परियार समाज गुठी परिवार**
तानसेन, पाल्पा

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई